# बेलौरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बेलौरी, कञ्चनपुर

सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.:- २०८३।०८४

च.नं.:-

## मेलमिलापकर्ताको सूचीमा नाम दर्ता तथा अद्यावधिक गर्ने सम्बन्धी सूचना

**प्रकाशन मिति : २०८३।०४।०१**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ बमोजिम न्यायिक समितिको क्षेत्राधिकार भित्रका विवादहरूलाई मेलमिलापको माध्यमबाट समाधान गर्न ऐ. ऐ. ऐनको दफा ४९ (३) र बेलौरी नगरपालिका न्यायिक समिति (कार्यविधि) ऐन, २०७५ को दफा ६० बमोजिम सूचीकृत मेलमिलापकर्ताहरूको रोस्टर तयार गर्नुपर्ने भएकोले यस नगरपालिकामा मेलमिलापकर्ताको रूपमा कार्यगर्न इच्छुक र योग्य व्यक्तिहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र देहायका विवरण र कागजातसहित निवेदन पेश गर्नुहुन यो सूचना आह्वान गरिएको छ ।

साथै, यसअघि नै यस नगरपालिकाको सूचीमा सूचीकृत भइसक्नु भएका मेलमिलापकर्ताहरूले समेत आफ्नो विवरण अद्यावधिक गर्नका लागि यो सूचना बमोजिम निवेदन दिनुहुन जानकारी गराइन्छ ।

**१. आवश्यक न्यूनतम योग्यता:**

- नेपाली नागरिक,
- पच्चीस वर्ष उमेर पूरा भएको,
- कम्तीमा कक्षा आठ उत्तीर्ण गरेको,
- स्थानीय स्तरमा समाजसेवीको रुपमा पहिचान बनाएको,
- मेलमिलाप सम्बन्धी तोकिएको अवधिको तालिम लिएको,
- कुनै राजनीतिक दल प्रति आस्था राखी राजनीतिमा सक्रिय नरहेको,
- मेलमिलाप ऐन विपरित कुनै काम गरेको कारण मेलमिलापकर्ताको सूचीबाट नाम नहटाइएको ।

**२. पेश गर्नुपर्ने कागजातहरू:**

- तोकिएको ढाँचाको निवेदन ।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि ।
- मान्यता प्राप्त संस्थाबाट प्राप्त गरेको मेलमिलाप सम्बन्धी तालिम प्रमाणपत्रको प्रतिलिपी।

(खेमराज जोशी)

**प्रमुख प्रशासकीय अधिकृत**

**खेमराज जोशी**

**प्रमुख प्रशासकीय अधिकृत**